Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74147
Research Article
ISSN: 3021-9035 Print

# काठमाडौँ उपत्यकामा प्रचलित सुप्तुलुङ संस्कृति र परिवर्तित अवस्था

**चन्द्रकुमार राई**
*mailahatuwali@gmail.com*

## लेखसार

काठमाडौँ उपत्यकामा किरात राईहरूको बसोवास बृद्धिसँगै उनीहरूको जातिगत संस्कृतिहरूले पश्रय पाउनु स्वभाविक हो। यसको ज्वलन्त दृष्टान्त सुप्तुलुङ संस्कृति पनि हो। सुप्तुलुङ किरात राईहरूको प्रमुख आस्थाको केन्द्र हो । यो सामान्य रूपमा खाना पकाइ खाने चुलो नै हो । तथापी मुन्दुमी विधिविधान गरेर पितृहरूलाई स्थापित गरेपछि भने सुप्तुलुङ बन्दछ र आस्थाको केन्द्रको रूपमा पूज्य हुन्छ । यहाँ पितृहरू निवास गर्ने विश्वासका साथै सुप्तुलुङलाई पितृहरूको प्रतीक पनि मानिन्छ । यिनै आस्थाकेन्द्र सुप्तुलुङ काठमाडौँ उपत्यकामा आइपुग्दा विभिन्न स्वरूपमा निरन्तर परिवर्तनसँगै अस्तित्वमा रहेको देखिन्छ।

## शब्दकुञ्जी

औद्योगिकरण, किरात, परिवर्तन, औपनिवेशीकरण

## विषय प्रवेश

सुप्तुलुङ किरात राईहरूको सांस्कृतिक केन्द्र, सांस्कृतिक पवित्रस्थल तथा आस्थास्थल हो। काठमाडौँ उपत्यकामा किरात राईहरूको बाक्लो बसोबासको प्रारम्भ भएसँगै सुप्तुलुङ संस्कृतिका विभिन्न स्वरूपहरू देखिनुले क्रमिक रूपमा प्राथमिकता पाउँदै गएको प्रष्ट हुन्छ। यस उपत्यकामा राई जातिको बाक्लो प्रवेश वि.स. २०४६ सालको राजनीतिक परिवर्तनपछि सुरु भएको हो। योभन्दा अगाडि काठमाडौँ उपत्यकामा उनीहरूमा बसाइँसराइको प्रवृति त्यति बाक्लो थिएन। 'नेपाल घुम्न जाने' भनेर काठमाडौँ निस्कने र केही दिन घुमेर फर्कने चलन थियो। राजनीतिक परिवर्तनले राईहरूको चेतना अभिवृद्धि भएपछि अवसर र सुविधाको खोजीमा उपत्यका प्रवेश गर्दै क्षमताअनुसार अस्थायी र स्थायी रूपमा बसोबास गर्न थाले । स्थायी बसोबाससँगै सुप्तुलुङ स्थापना गर्ने कार्यले क्रमिक रूपमा गति लिन थाल्यो । यो उपस्थितिले व्यक्ति र समाजसँगै उनका भाषा, धर्म तथा संस्कृतिहरू पनि नयाँ ठाउँमा पनि पुग्ने पुष्टि हुन्छ।

संस्कृति भन्नाले ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, परम्परा र यस्तै अन्य सामार्थ्य तथा बानीहरूको जटिल समग्रता हो, जुन समाजको सदस्यत भएकाले मानवले पाउने गर्छ (Tylor, 1920, p.1)। यसरी मानवका सृजना, विश्वास र व्यवहारलाई संस्कृति भनिन्छ। प्रारम्भकालबाट निरन्तर रूपमा प्रचलनमा आएका संस्कृतिहरूलाई परम्परा भनिन्छ। परम्परा संस्कृति अध्ययनको एक अनिवार्य विषय, प्रश्न र प्रक्रिया हो । परम्परा, समाजमा स्थापित भएका व्यवहार अथवा आचरणका पक्षहरू हुन्, जुन मानव र समाजका दैनिक व्यवहारमा आइरहेका हुन्छन् । विशेषतः आचरण नियमनका लागि अनौपचारिक रूपमा परम्पराको पालना गरिएको हुन्छ (Jary&Jary, 1988, p.274) । यसले संस्कृतिको निरन्तरतालाई सङ्केत दिन्छ।

संस्कृतिको परम्परागत स्वरूपमा आंशिक भिन्न देखिनु नै परिवर्तन हो । K. Davis का अनुसार संस्कृति परिवर्तन भन्नाले 'संस्कृतिको कुनै पनि अंश जस्तो : कला, विज्ञान, साहित्य, दर्शन, फेशन, कानुन आदि र सामाजिक सङ्गठनको रूप अथवा नियममा परिवर्तन हुनु हो' (गुप्ता, शर्मा १९९७, पृ.३५२) । अर्थात् संस्कृति परिवर्तन भन्नाले

भइरहेको संस्कृतिमा नयाँपन आउनु अथवा थपिनु हो। संसारका कुनै पनि संस्कृति स्थायी र अनन्त नभएर समय, परिस्थिति र परिवेशअनुसार गतिशील र परिवर्तनशील हुन्छ।

Morgan, Tylor / Marx लगायतका विद्वान्हरूले संस्कृतिहरूको सृजना भएर परिवर्तन हुँदै जाने कुरा उल्लेख गरेका छन्। Morgan का अनुसार जङ्गली, बर्बर र सभ्य युग हुँदै संस्कृति सृजना, विकास र परिवर्तन हुने (1920, pp.10-12), Tylor ले संस्कृतिको विकास जङ्गली युग, बर्बर युग हुँदै सभ्य युगको विकास भएको (1920, p. 26) र Karl Marx ले समाज विकासको क्रम आदिम साम्यवादी, दास, सामन्त, पुँजीवादी, समाजवादी हुँदै साम्यवादी व्यवस्थासम्म हुने र यससँगै नयाँ संस्कृतिहरू तय हुने कुरा उल्लेख छ (आफानायस्येभ, वि.सं. २०५४, पृ.२५५-२७२)। संस्कृतिको विकास भनेको नै परिवर्तन हो भन्ने बुझिन्छ। तर संस्कृति परिवर्तनको मुख्य जग भनेको पुरानो संस्कृति नै हो अर्थात् भइरहेको संस्कृतिमा नयाँपन वा नयाँ प्रकार थपिनु हो। यो अर्थमा काठमाडौँमा निवास गर्ने राईहरूको आस्थाकेन्द्र सुप्तुलुङको संरचनागत साथै मूल्यमान्यतामा आएको परिवर्तनलाई स्वभाविक मान्नु पर्छ।

उपत्यकामा किराती राईहरूको स्थाई बसोबास वृद्धिसँगै उनीहरूको मुख्य आस्थाको केन्द्र चुलो स्थापना गर्ने क्रम मा बढोत्तरी भयो, जुन सुप्तुलुङका नामले चिनिन्छ। स्थापना सङ्ख्यामा वृद्धि मात्र भएन, यहाँ भिन्न स्वरूपहरू पनि देखिन थाले भने यो सँगै नूतन मूल्यमान्यता र विश्वासको सृजनासहित स्थापित भएका छन्। यी नूतन स्वरूप, मूल्यमान्यता र विश्वासका आधारहरू के हुन् ? कसरी यी तयार भए भन्ने बारेमा तथ्यगत रूपमा अध्ययनको अभाव देखिन्छ। उपत्यकाविशेष सुप्तुलुङले किरात राई समाजमा भिन्न मूल्यमान्यता र विश्वास स्थापित गरेको सन्दर्भमा यो अनुसन्धानात्मक लेख प्रस्तुत गरिएको छ।

## *अध्ययन विधि*

यो लेख स्थलगत अनुसन्धानमा आधारित छ भने आवश्यकताअनुसार द्वितीयक स्रोतहरूको पनि प्रयोग गरिएको छ। यो लेख काठमाडौँ उपत्यकालाई अध्ययन क्षेत्र बनाएर गरिएको छ। विशेषतः यो लेखमा काठमाडौँ उपत्यकाभित्र बसोबास गर्ने किरात राईहरूमा प्रचलित सुप्तुलुङको अवस्था के छ ? र यसको परिवर्तित स्वरूप कस्तो रहेको छ ? भन्ने बारेमा मात्र केन्द्रित भएर निष्कर्ष निकालिएको छ। आगनात्मक अनुसन्धान विधिमा आधारित भइ यो लेखका तथ्याङ्कहरू उद्देश्यमूलक र स्नोवल विधिबाट प्राप्त गरिएका छन्। यसका लागि आवश्यक तथ्याङ्कहरू अवलोकन, अन्तर्वार्ता र छलफल विधि अवलम्बन गरिएको छ। प्राप्त तथ्याङ्कहरू प्रक्रियागत रूपमा प्रशोधन गरेर वर्णन गर्दै विश्लेषण गरेर वैधता र विश्वसनीयता परिक्षण गरी निष्कर्ष निकालिएको छ।

## *काठमाडौँ उपत्यकामा सुप्तुलुङ संस्कृतिको अवस्था*

उपत्यकामा किरातीहरूले शासन गरेको कुरा इतिहासमा प्रशस्त उल्लेख भएको पाइन्छ। त्यो समयमा उपत्यकालाई यलाखोम भनिन्थ्यो, जुन राजा यलम्बरको नामबाट रहेको थियो। राजा यलम्बरले राज्य गरेको ठाउँ नै यलाखोम हो। नेवारहरूले यल (रेग्मी, वि.सं.२०३४, पृ.३०) र तामाङहरूले याम्बु (चाम्लिङ, वि.सं.२०७८, पृ.२७) भन्नु पनि यलखोमकै अवशेषीय नाम हुन्। किरातहरू भारतको वैशालीबाट आएका लिच्छविहरूसँग युद्धमा पराजित भएर पूर्वतिर लागेका थिए। किरातहरूले सम्वृद्ध गरेको शासन र सभ्यताको जगमा लिच्छविहरू अगाडि बढेको सत्य तत्कालीन प्रशासनिक केन्द्र र स्थानहरूको नामसमेत किरात भाषामा रहेबाट प्रस्ट हुन्छ। पराजयपछि पूर्व लागेका किरातीहरू मध्येमा दुधकोशी वारी रहने सुनुवार, दुधकोशी र अरूण नदीको बिचभागमा बस्ने राई र अरूण नदी पूर्व बस्ने लिम्बू र याक्खा किरात हुन पुगे।

कृषि युगको प्रारम्भसँगै मानिसको बसाइँ निश्चित ठाउँमा हुन थालेको पाइन्छ। यससँगै मानिसले आफ्ना आवश्यकता पूतिसँगै व्यक्ति र समाजलाई नियन्त्रित र नियमित गर्ने क्रममा विभिन्न संस्कार, संस्कृति, आस्था,

विश्वास र मूल्यमान्यताहरूको सृजना गर्न पुगेको थियो। सुप्तुलुङको प्रयोग, आस्था, विश्वास र मूल्यमान्यताको विकास पनि यही सन्दर्भमा भएको हो। यो खाना पकाइ खाने चुलो नै हो। यद्यपी सुप्तुलुङ किरात राईहरूका लागि महत्त्वपूर्ण आस्थाको केन्द्र पनि हो अर्थात् उनीहरूको लागि सुप्तुलुङ आस्था र विश्वास अभिव्यक्त गर्ने पवित्र शक्तिस्थल हो, जीवन निर्देशन गर्ने सांस्कृतिक केन्द्र हो। सुप्तुलुङको वर्तमान अवस्थाले भविष्यको निरन्तरतालाई सङ्केत गर्छ। विभिन्न धर्महरूको प्रचारप्रसार, द्रुततः अन्तर्राष्ट्रिय संस्कृति निर्माण भइरहेको र मानिसको आवागमन विश्वव्यापी भइरहेको अवस्थामा पनि किरात राईहरूले भने सुप्तुलुङमा नै आस्था र विश्वास राख्दै आएका छन्। यसले सुप्तुलुङ संस्कृतिमा परिवर्तनको गति र प्रक्रिया सामान्य देखिन्छ। तराई वा अन्य ठाउँतिर बसो बास गर्न पुगे पनि सुप्तुलुङ अनुष्ठानको समयमा पहाड पुग्ने साथै कत्तिपयले आफू बसोबास गरिरहेको ठाउँमा नै सुप्तुलुङ स्थापना गरेर अनुष्ठान प्रारम्भ गरेकोले सुप्तुलुङ संस्कृतिले निरन्तरता पाउन सकेको हो।

## *उपत्यकामा प्रचलित सुप्तुलुङका प्रकारहरू*


मानिस स्वभावतः गतिशील र महत्त्वकांक्षी रहेको पाइन्छ। उनको लक्ष्य नयाँ ठाउँ, वस्तु, अवसर, सुविधा र गन्तव्य हुने गर्छ। यिनै प्राप्तिको लागि पुर्ख्यौली थलो छाडेर नयाँ ठाउँमा गमन गर्दछ। त्यहाँ पुग्दा आफूले अवलम्बन गरेको भाषा, धर्म तथा संस्कृति पनि सँगै पुग्दछ। यस्तो गतिविधि उत्पत्तिकालबाट निरन्तर आजसम्म चल्दै आएको छ भने पछिल्ला दिनमा पनि यसरी नै चल्नेछ। यही क्रममा प्राचीनकालमा किरातहरू पनि काठमाडौँ उपत्यकामा बस्न गर्न आइपुगेका थिए। तर लिच्छविसँग भएको पराजयसँगै पूर्वतिर लागेका किरात (नेवारबाहेक र ाई, लिम्बू, याक्खा र सुनुवार) हरूले उपत्यका पुनः प्रवेश गर्नको लागि लामो समयको प्रतिक्षा गर्नु परेको थियो।

उपत्यकामा पराजयपछि पूर्व पुगेर शासनसत्ता स्थापना गरेर बसेका किरातहरू पृथ्वीनारायण शाहसँग वि.सं.१८३१ माभएको युद्धमा हार व्यहोरेपछि शान्त बसेका थिए। जङ्गबहादुर राणाले आफ्नो शासनकालमा नेपाली सेनालाई अझ मजबुत बनाउन किरातहरूलाई पनि सङ्गठित गर्ने प्रयास गरेका गरेका थिए (नेपाल, वि.सं. २०५५, पृ. ३२३)। यही क्रममा राजा सुरेन्द्र विक्रम शाहको पालामा वि.सं. १९०५ भाद्र महिनामा किरातीहरूलाई पनि नेपाली सेनामा लिने योजनासँगै भैरवनाथ पल्टन स्थापना गरेका थिए। क्रमशः नेपाली सेनामा किरातीहरूको प्रवेशसँगै काठमाडौँ उपत्यकामा पुनः उनीहरूको बसोबास प्रारम्भ भएको थियो (याक्थुम्बा, वि.सं. २०६६, पृ.१–२)। क्रमशः रोजगारको माध्यमबाट किरातीहरू पुनः उपत्यकामा बसो बास गर्न आइपुगेका थिए। त्यति बेला खर्च गर्न सक्नेहरू पुर्ख्यौली घर फर्कने, नसक्ने तथा कुनै व्यवसायमा अल्झेकाहरू मात्र काठमाडौँमा बस्ने भएकोले वि.सं. २०१९ सालसम्म यहाँ किरातीहरूको जम्मा घरधुरी सङ्ख्या २७ मात्र थियो (याक्थुम्बा, वि.सं.२०६६, पृ.१६)। यो घरधुरी सङ्ख्याले यति बेला काठमाडौँ उपत्यका किरातीहरूका लागि त्यति अर्थपूर्ण थिएन भन्ने प्रष्ट हुन्छ।

वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि भने काठमाडौँ उपत्यकामा किरातीहरूको प्रवेशमा बृद्धि भयो। उपत्यकामा किरातीहरूको उपस्थितिसँगै किराती संस्कृति प्रचलनमा आउनका लागि अनुकूल वातावरण तयार भयो। वि.सं.२०४६ सालको राजनीतिक परिवर्तन भएपछि निर्मित नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ को मौलिक हकअन्तर्गत धारा १९ मा धर्मसम्बन्धी हकको व्यवस्थाले प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्म अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता प्रदान गरेको थियो (उप्रेती, श्रेष्ठ, थापा, वि.सं. २०५४, पृ.५८७)। यस व्यवस्थाले प्रत्येक धर्मावलम्बीहरूलाई आफ्नो धर्म मान्ने स्वतन्त्रता प्राप्त भयो। परिणामतः जातीय पहिचान र अस्तित्वप्रति व्यापक रूपमा बहस तथा विमर्शहरू प्रारम्भ भए। वास्तवमा यो राजनीतिक परिवर्तनले सनातन हिन्दु धर्मवलम्वी र नेपाली मातृभाषीबाहेकका अन्य सनातनी धर्मावलम्वी र मातृभाषीहरूका लागि आफ्नो धर्म, संस्कृति र भाषाका बारेमा विचारविमर्श गर्न र परिपालना गर्ने माहोल तयार भयो। यसपछि भने विभिन्न जातजाति,

आदिवासीहरू उन्मुक्तिका साथ आफ्ना धर्म, संस्कृति र भाषा संरक्षण, विकास र प्रवर्द्धन जुट्न थाले। यही क्रममा किरात राईहरूको आस्था र विश्वासको केन्द्र सुप्तुलुङले काठमाडौँ उपत्यकामा प्रवेश पाएको थियो।

***उपत्यकामा प्रचलित सुप्तुलुङका स्वरूपहरू***




***रेखाचित्र : अनुसन्धाता स्वयं***

परिणामतः काठमाडौँ उपत्यकामा किरात राईहरूको आस्थाकेन्द्र सुप्तुलुङ अनुष्ठानको प्रारम्भ भएको थियो। क्रमिक रूपमा चेतनाको परिवर्तनसँगै पुख्यौंली थलोमा पुजिँदै आएको व्यक्तिगत सुप्तुलुङका अनेकौँ स्वरूपहरू देखिन थाले। क्रमशः सुप्तुलुङका यी रूपहरूलाई अनुकूल बनाएर पुज्न थालियो। काठमाडौँ उपत्यकामा देखिएका परिवर्तित सुप्तुलुङहरूका विषयमा शीर्षकअनुसार चर्चा गरिन्छ–

## *व्यक्तिगत सुप्तुलुङ*

सुप्तुलुङको प्राकृतिक स्वरूप भनेको व्यक्तिगत सुप्तुलुङ नै हो। यो सुप्तुलुङबाहेकका अन्य प्रकारका सुप्तुलुङहरू पुख्यौंली थलोमा पाइँदैन। खाना पकाएर खाने चुलोको रूपमा भने सुप्तुलुङ जस्तै देखिने चुलो, लडुवा चुलो आदि प्रकारका चुलोहरू रहेका छन्। तर यी चुलोहरूमा पूजा अनुष्ठान गरिँदैन। त्यसैले चुलोहरूमा सुप्तुलुङ चुलोको आस्थागत मूल्यमान्यता भिन्न रहेको हो। सप्तुलुङमा आस्था र विश्वासका साथ नियमित वा अवसर विशेषमा पितृहरूको पूजाअर्चना गरिन्छ।

काठमाडौँ उपत्यकामा सर्वप्रथम प्रचलित सुप्तुलुङ भनेको व्यक्तिगत सुप्तुलुङ नै हो। काठमाडौँ उपत्यकामा स्थायी बसोबास गर्ने राईहरूले पचासको दशकसँगै व्यक्तिगत सुप्तुलुङ प्रचलनमा ल्याएको पाइन्छ। घर बनाएर बसेका राईहरू कार्य व्यस्तता, समयभाव साथै सम्पूर्ण परिवार लिएर जाँदा खर्चिलो हुने भएकाले पुख्यौंली थलोमा नियमित र अवसर विशेष सुप्तुलुङ पूजाअनुष्ठान गर्न जान असम्भव भएकाले काठमाडौँ उपत्यकामा नै सुप्तुलुङको स्थापना गरेर पूजाअनुष्ठान प्रारम्भ भएको थियो। यसरी सुप्तुलुङ स्थापना गर्दा मुन्दुमी विधिविधान गरेर सुप्तुलुङको प्रतीकको रूपमा चिन्डो, अदुवा, खरानी विधिविधान गरेर ल्याई हाल बसोबास गरिरहेको घरमा सुप्तुलुङ स्थापना गरेर पुज्दै आएका छन्। यही रीतले अहिले काठमाडौँ उपत्यकामा धेरै राईहरूले सुप्तुलुङ स्थापना गर्दै पूजाअनुष्ठान गर्ने गरेका छन्। यो क्रम निरन्तर बढिरहेको छ।

### *सामूहिक सुप्तुलुङ*

नृतित्त्वशास्त्रअनुसार चुलोको प्रारम्भिक अवस्था सामूहिक चुलो हो। नृतित्त्व समाज विकासक्रममा निजत्व अवधारणो विकाससँगै चुलो पनि निजि हुनुपर्ने व्यवहारिक प्रणालीको विकास भएको हो। सुप्तुलुङ विना राईहरूको कुनै पनि सांस्कृतिक कार्यहरू सम्पन्न हुँदैनन्। तर सहरमा सबैको घर हुँदैन भने आफू बसेको ठाउँमा सुप्तुलुङ स्थापना गर्ने सम्भावना पनि हुँदैन । त्यसैले समय र परिस्थिति विशेष सबैले आफ्ना पितृहरूलाई भाग अर्पण गर्दै शक्ति प्राप्त गर्नका लागि सबैको पहुँच पुग्ने स्थानमा सबैको सल्लाहले सुप्तुलुङको स्थापना गरिएको हुन्छ; जसलाई नै सामूहिक सुप्तुलुङ भनिन्छ। यो सुप्तुलुङ 'आम किरात राईहरूको संस्कार, संस्कृति र सभ्यता संरक्षणका निमित्त किरात समूहबाट साझा चुलोको स्थापना गरी सामूहिक रूपबाट नै पितृत्व संस्कार संस्कृति सम्पन्न गर्न प्रयोग गरिने चुलो हो' (राई, वि.सं.२०७८, पृ.१३०)।

समूहगत सुप्तुलुङले किरात राईहरूको सामूहिक एकतालाई मजबुत तुल्याउन, पहिचान स्थापित गर्न साथै पुस्तालाई सांस्कृतिक निरन्तरता दिँदै पुस्तान्तरण गर्न मद्दत गर्छ । पुख्र्यौली ठाउँ छाडेर टाढा बस्न पुगेका राईहरूले नियमित र अवसर विशेष आफ्ना पुर्खाहरूलाई भाग दिन, सम्झिनका साथै पूजाअनुष्ठान गर्नका लागि सामूहिक सुप्तुलुङको स्थापना गरेका हुन्। परदेशको बसाइमा सबैको घर नहुने भए पनि पुख्र्यौली ठाउँको जस्तो अनुकूल नहुने भएकाले सामूहिक सुप्तुलुङ स्थापनाको आवश्यकता भएको हो। काठमाडौँ उपत्यकामा तीन प्रकारका सामूहिक सुप्तुलुङहरू प्रचलित छन्। यी सुप्तुलुङहरूका सम्बन्धमा सिलसिलाबद्ध वर्णन गर्ने प्रयास गरिएको छ—

### *राईहरूको सामूहिक सुप्तुलुङ*

उपत्यकामा बसोबास गर्ने सबै किरात राईहरूले आआफ्ना पितृहरू एउटै सुप्तुलुङमा पुज्ने उद्देश्यका साथ स्थापना गरिएको सामूहिक सुप्तुलुङ हो। राईभित्र थरगत भिन्नता भए पनि उनीहरू बिच समानता र अपनत्व हुन्छ। त्यसैले सम्पूर्ण राई समुदायले एउटै सुप्तुलुङमा पितृहरूको पूजाअनुष्ठान गर्नका लागि यसको स्थापना गरिएको हो। सुप्तुलुङ विकासको सवालमा यो नयाँ प्रारम्भ हो। यो सुप्तुलुङमा पूजाअनुष्ठान गर्दा हरेक व्यक्तिले यहाँ आफ्नो पितृहरू निवास गर्ने विश्वासका साथ अनुष्ठान गर्दछ।

राईहरूको सामाजिक संस्था 'किरात राई यायोक्खा' को पहलमा सर्वप्रथम वि.सं. २०५८ असोज २१ गते निर्णय गरेर पहिलो पटक ललितपुर महानगरपालिका, वडा नं. २३, सानोहात्तीवनमा सामूहिक सुप्तुलुङको स्थापना गरिएको थियो (हतुवाली, वि.सं. २०६४, पृ.३८)। यसपछि बिस्तारै अरू ठाउँमा पनि सामूहिक सुप्तुलुङको बिस्तार हुन थालेको पाइन्छ। यो सुप्तुलुङको स्थापनापछि भने राईहरू बसोबास गर्ने नयाँ ठाउँहरू हङकङ, अमेरिका, युरोपसँगै भारतको सिक्किम र दार्जिलिङतिर पनि सामूहिक सुप्तुलुङ स्थापना गर्ने प्रक्रिया निकै चलेको छ। सामूहिक सुप्तुलुङ पनि समय, परिस्थिति र भूगोलअनुसार व्यक्तिगत सुप्तुलुङमा आएको परिवर्तनको परिणाम हो। नयाँ र सहरबजारमा ठाउँ महँगो हुनु, ठाउँको अभाव हुनु, सबैको घर हुने सम्भावना नरहनु नै सामूहिक सुप्तुलुङ प्रचलनमा आउनुको मुख्य कारण हो।

### *थरगत सामूहिक सुप्तुलुङ*

यो सुप्तुलुङ पनि सामूहिक सुप्तुलुङकै एक प्रकार हो। तर यो बृहत् किरात राईहरूको सामूहिक सुप्तुलुङ नभएर किरात राईको शाखा, जसलाई थर भनिन्छ। किरात राईहरू थरमा विभाजित भएका हुन्छन्। यसको मुख्य आधार भाषा हो भने केही संस्कार तथा सांस्कृतिक भिन्नता पनि रहेको हुन्छ। जस्तो : खालिङ बोल्ने खालिङ थर, बान्तावा भाषा बोल्ने बान्तावा थर आदि। यसरी थरभित्रकाले मात्र पुज्न मिल्ने उद्देश्यले स्थापना गरिएको सुप्तुलुङ नै थरगत सुप्तुलुङ हो। काठमाडौँ उपत्यकामा थरगत सामूहिक सुप्तुलुङको बाहुल्यता पाइन्छ।

थरविशेषको सामूहिक सुप्तुलुङमा उचित अवसरमा थरविशेष भेला भई थरगत सामूहिक सुप्तुलुङ पूजाअनुष्ठान गर्दछन्। चाम्लिङ राईहरूले वि.सं. २०६० सालमा थरगत सुप्तुलुङ स्थापना गरेर धिरिनाम (उँभौली) र छिरिनाम

(उँधौली) को अवसरमा सामूहिक रूपमा पूजाअनुष्ठान गर्दै आएका छन्। यस सुप्तुलुङमा चाम्लिङ राईबाहेकका अरू थरका राईहरू पूजाअनुष्ठानमा सहभागी हुँदैनन्। उनीहरूको यो सामूहिक सुप्तुलुङ किरात यायोक्खाको केन्द्रिय कार्यालय, कोटेश्वरमा रहेको छ। यो पनि सुप्तुलुङको परिवर्तित स्वरूप हो। पुर्ख्यौली थलोमा थरगत सामूहिक सुप्तुलुङको प्रचलन छैन। यो पनि काठमाडौँ उपत्यकामा देखिएको सुप्तुलुङको नयाँ स्वरूप हो। यस सुप्तुलुङमा अनुष्ठान गर्दा जुन परिवारबाट आएको हो, उसैको पितृहरूको नाम लिँदै पूजाअनुष्ठान गरिन्छ । तर पूजाअनुष्ठानको समय र सामग्रीहरू भने मूल थलोसँग मिल्ने देखिन्छ।

## *पाछागत सामूहिक सुप्तुलुङ*

उपत्यकामा देखिएको सुप्तुलुङको अर्को प्रकारमध्ये पाछागत सुप्तुलुङ हो। थरको शाखालाई पाछा भनिन्छ। एउटा थरभित्र विभिन्न पाछाहरू रहेका हुन्छन्। थरभित्र भएका कुनै निश्चित पाछाहरू मिलेर पाछाकै लागि मात्र सुप्तुलुङ स्थापना गरिएको हुन्छ; जसलाई पाछागत सुप्तुलुङ भनिन्छ। यस्तो सुप्तुलुङ एउटै पाछाका राईहरूले अवसर विशेष पाछा विशेष पितृहरूलाई सुप्तुलुङमा अनुष्ठान गर्नका लागि साथै संस्कारगत कार्यहरू सम्पन्न गर्नका लागि पाछाभित्रका सदस्य मिलेर स्थापना गरेका हुन्छन्। यस्ता पाछागत सुप्तुलुङहरू उपत्यकामा बान्तावा थर भित्रका एवाइछा पाछाहरूले ललितपुर महानगरपालिका, वडा नं. २४, धापाखेलमा वि.सं. २०५७/५८ सालदेखि, मुकारूङ पाछाहरूले वि.सं. २०७० सालदेखि धापाखेल र रूङमाङछा पाछाहरूले वि.सं. २०७३ सालमा पाछागत सुप्तुलुङ गोदावरी नगरपालिका–१, गोदामचौरमा स्थापना गरेर पुज्दै आएका छन्। काठमाडौँ उपत्यकाभित्र बसोबास गर्ने उल्लिखित पाछाहरूले आफ्नो घरमा सुप्तुलुङ राख्न अनुकूल ठाउँ नहुने साथै निजि घर नभइ भाडामा बस्ने सबैलाई सुविधा पुगोस् भन्ने उद्देश्यले पाछागत सुप्तुलुङ सञ्चालनमा ल्याएका हुन्। यी सुप्तुलुङहरू पनि व्यक्तिगत सुप्तुलुङको परिवर्तित रूप हुन्। चाम्लिङभित्रको वाले मरूङछा पाछाहरूले पनि ढोलाहिटी ललितपुरमा वि.सं. २०६२ को उँभौली सेवामा सामूहिक सुप्तुलुङको स्थापना गरेर पूजाअनुष्ठान गर्दै आएका छन्। यसको पूजा विधि पनि व्यक्तिगत सुप्तुलुङकै पूजा विधिसँग मिल्छ। अहिले उपत्यकामा पाछागत सुप्तुलुङ बढी प्रयोगमा आएको देखिन्छ।

## *यामकाप्मा (छरितो) सुप्तुलुङ*

नयाँ पुस्ताका राईहरूको दिनचर्या, मनस्थिति तथा व्यवहार पुर्खाको भन्दा चलायमान रहेको छ। यसको मुख्य कारण समय, परिस्थिति, विश्वव्यापिकरण, औद्योगीकरण, औपनिवेशीकरण र नयाँ पुस्तामा आएको सोच तथा परिस्थितिको परिणाम हो। पुराना पुस्ताका राईहरू जति नै कमाए पनि पुर्ख्यौली थलो फर्कन्थे, सुविधाको पछि लाग्दैनथे। तर नयाँ पुस्तामा प्रायः अवसर र सुविधाको खोजीमा पुरानो ठाउँ छाडेर नयाँ ठाउँमा गएर बस्ने चलनको विकास भएको छ। पुर्ख्यौली ठाउँप्रति उनीहरूको मोह भए तापनि सिपअनुसारको रोजगारीको अवसर भएको ठाउँतिर आकर्षित हुने गरेको देखिन्छ।

सहर प्रवेश गर्ने सबै राईहरूले घर बनाउने क्षमता राख्दैनन्। घर बनाउन नसक्नेले पनि सुप्तुलुङको अभावमा पितृहरूलाई बिर्सने अवस्था नहोस् भन्नका लागि यामकाप्मा (छरितो) सुप्तुलुङ अर्थात् पोर्टेबल (छरितो) सुप्तुलुङ प्रचलनमा आएको हो। यो सुप्तुलुङ कोठा वा दराजमा राखेर पितृहरूको पूजा अनुष्ठान गर्न सकियोस् भन्ने उद्देश्य राखेर प्रचलनमा ल्याइएको हो। यो सुप्तुलुङ नामजस्तै सानो आकारको हुन्छ र आवश्यकता अनुकूल एक ठाउँबाट अर्को ठाउँ सजिलै बोकेर लान सकिने हुन्छ भने कोठाको कुनै एक छेउमा राखेर पुज्न मिल्ने, पूजाअनुष्ठान गरेपछि दराजभित्र राख्न मिल्ने आकारको हुन्छ। यसैले यो सुप्तुलुङलाई यामकाप्मा (छरितो) सुप्तुलुङ, पोर्टेबल (छरितो) सुप्तुलुङ भनिएको हो। सहरजस्तो मिश्रित समाज र गैरकिराती छोरीबुहारीबाट सुप्तुलुङ छोइनुबाट समेत बचाउन सजिलो हुने भएकोले यो सुप्तुलुङ प्रचलनमा आएको हो। यो सुप्तुलुङको प्रचलन क्रमशः

बढ्दो छ। यो संस्कृति धान्ने नूतन सृजना तथा बजारीय उत्पादन हो। विशेषतः विभिन्न परिस्थितिका बावजुद पनि पुर्खाहरूको अनुष्ठान गर्न सकियोस् भन्ने उद्देश्यका साथ यो सुप्तुलुङ प्रचलनमा आएको हो। पछिल्लो समयमा यो सुप्तुलुङप्रति उपत्यकाबासीहरूको ध्यान जान थालेको छ। उपत्यकाका राईहरूले कुनै औपचारिक कार्यक्रम गर्नु परेमा अहिले यही छरितो सुप्तुलङमा आगो बालेर शुभारम्भ गर्ने गरेका छन्।

## *काठमाडौँ उपत्यकामा सुप्तुलुङको परिवर्तित अवस्थाहरू*

१९ औँ शताव्दीमा भएको विश्वयुद्धमा गोर्खा भर्तीमार्फत राईलिम्बू अङ्ग्रेजी सेनामा संलग्न हुँदा राई लिम्बूहरूको संस्कृतिमा प्रभाव परेको थियो (ग्याँन्सले, २०१९, पृ.४३)। यो ब्रिटिश साम्राज्यवादको सांस्कृतिक उपनिवेशीकरणको प्रभाव थियो। संस्कृति परिवर्तनमा उपनिवेशको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यसको बोल्ने थेगो, शब्द, पहिरन, खानपानका साथै आस्थागत विश्वासमा प्रभाव परेको थियो। यो भनेको पनि संस्कृतिमा परिवर्तन आउनु थियो। संस्कृति परिवर्तनको मुख्य आधार तथा जग पुरानो संस्कृति हो अर्थात् भइरहेको संस्कृतिले नयाँपन आउनु हो। पुरानो संस्कृतिले नयाँ परिवेश, नयाँ आवश्यकता आदिसँग अनुकूलन हुने क्रममा संस्कृतिमा नयाँपन वा नयाँ स्वरूप प्राप्त गर्छ। संस्कृति परिवर्तन भनेको संस्कृतिको परम्परागत रूपमा केही नयाँपनसहित निरन्तरता पाउनु हो। परिवर्तनका विविध कारणहरू रहेका हुन्छन्। मानवशास्त्री Malinowski का अनुसार संस्कृतिको आधारभूत तत्त्व मानवीय शारीरिकका आवश्यकताहरू हुन्। ती आवश्यकता पूरा गर्नका लागि संस्कृतिले औजारको भूमिका निर्वाह गरेका हुन्छन् (Bohannan&Glazer, 1988, p.274)। यसैले भूगोल, समय र परिस्थितिअनुसार मानवीय आवश्यकताहरू बद्लिँदै जाँदा नयाँ संस्कृतिहरू सृजना हुँदै जाने तथा ती संस्कृतिहरू समय, परिवेश र परिस्थितिअनुसार परिवर्तन हुन्छन्। संस्कृति परिवर्तन हुन लामो समयान्तर, युग अथवा शताब्दी लाग्छ (Vurnum, Grossmann, 1920, p.2)। तर कहिलेकाँही आकस्मिक निर्णयले छोटो समयमा पनि संस्कृति परिवर्तन हुन्छ। जस्तो– वि.सं. २०७२ सालमा निर्मित संविधानले धार्मिक सापेक्षता देशलाई संवैधानिक घोषणामार्फत नेपाल धर्म–निरपेक्ष देश बन्न पुग्यो। पुस्ता, समय र परिस्थितिअनुसार मानवको आवश्यकता तथा सृजनामा भिन्नता आउँछ। यही आधारमा संस्कृतिको नयाँ जन्म र परिवर्तन हुन्छ। यो क्रम अनवरत चलिरहन्छ। सांस्कृतिक अध्ययनको क्रममा हिन्दु धर्मावलम्बीहरूको प्रवेशले मेवाहाङ राईहरूको रहनसहन र जीवनशैलीमा परिवर्तनको प्रभाव पर्न थालेको कुरा मार्टिन ग्याँन्सलेले उल्लेख गरेका छन् (ग्याँन्सले, २०१९, पृ.४३)। यो प्रवेशसँगै किराती संस्कृतिहरूमा नवीन हिन्दु संस्कृतिहरू समावेश हुनु, हिन्दु धर्म अनुकूल किरात संस्कृतिहरूलाई प्रयोग गर्नु आदि रूपमा किराती संस्कृतिलाई औपनिवेशीकरण हुन पुगेको देखिन्छ। आदिवासी संस्कृति परिवर्तन गर्ने यो औपनिवेशीकरणको एउटा माध्यम हो (laeniu, 2006, p.2)।

सुप्तुलुङ संस्कृति मूर्त र अमूर्त संस्कृतिहरूको सम्मिलन हो। यही सुप्तुलुङमा पुर्ख्यौली थलोबाट काठमाडौँ उपत्यकाभित्र आइपुग्दा के कस्तो परिवर्तन भएको छ ? भन्ने सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ। काठमाडौँ उपत्यकामा सुप्तुलुङमा आएका परिवर्तित आयामहरूलाई दुई रूपमा प्रस्तुत गरिएको छ–

## *सुप्तुलुङको संरचनागत आयामिक परिवर्तन*

किरातीहरूमा सांस्कृतिक परिवर्तन वि.सं. २००७ सालबाट सुरू भएको हो (रेग्मी, वि.सं. २०३४, पृ.९)। यो परिवर्तनको सन्दर्भलाई भने वि.सं. २००७ सालमा भएको राजनीतिक परिवर्तनसँग जोड्न खोजिएको हो। राजनीतिक परिवर्तनसँगै अवश्य पनि किरातीहरूको संस्कृतिमा परिवर्तन आउनु स्वभाविक हो। तर यसलाई नै परिवर्तनको आधार समय र सीमा भने मात्र मिल्दैन। योभन्दा अगावै पनि किरातीहरूको संस्कृतिमा परिवर्तन आइसकेको थियो। वि.सं.१९१० को मुलुकी ऐनको पृष्ठभूमि हिन्दुधर्म भएकोले यो कानुनका कतिपय प्रावधानहरू किराती संस्कृतिसँग बाझिएका थिए। यससँग बाझिएका प्रावधानहरू हिन्दु धर्मअनुकूल बनाइ किरातीहरूले संस्कृतिलाई परिवर्तन गर्नु परेको थियो। यस्ता प्रावधानहरूमा एकादशी तिथिमा भोग दिन नपाइने, गाईगोरू काट्न बन्देज आदि रहेका छन्।

परिणामतः पितृ पूजाको समयमा अन्य मासु चढाउँदै मुन्दुममार्फत गाईगोरूको मासुको नाम लिएर अन्य जीवको मासु चढाउने गरेको पाइन्छ । यो कार्य सांस्कृतिक औपनिवेशीकरणको प्रमुख कार्य थियो । यसको प्रभाव क्रमशः किरात राईहरूमा पनि गाईगोरुको मासु 'छि' भन्ने संस्कृतिको विकास भयो ।

संस्कृतिको संरचनागत स्वरूप अर्थात् बनोटमा आउने परिवर्तन पनि एक हो। संरचना भन्नाले भौतिक रूप अथवा संस्कृतिको मूर्तरूप, आकार भन्ने बुझिन्छ। निश्चय नै नेपालको पूर्वी पहाडी भागलाई छिचोलेर काठमाडौँ उपत्यका आइपुग्दा सुप्तुलुङ संस्कृतिमा केही न केही परिवर्तन आउनु स्वभाविक हो । परिवर्तनको कारकतत्त्व भनेको पुर्ख्यौली थलो र उपत्यकाको भूगोल, समाज बनोट र सांस्कृतिक अवस्था आदि भिन्न हुनु हो। प्राकृतिक वातावरण र सामाजिक परिवेशले संस्कृति परिवर्तनका लागि भूमिका खेलेको हुन्छ। परिणामतः संस्कृति परिवर्तन हुन पुग्दछ।

काठमाडौँमा सुप्तुलुङ संस्कृति भित्रदाँ गैरकिरातीको स्पर्शबाट सुप्तुलुङलाई जोगाउनका लागि अनुकूल स्थानमा सुप्तुलुङ राखिएको हुन्छ। फराकिलो जमिन हुनेले घरको छेउमा सानो घर बनाएर भुइँ छुवाई सुप्तुलुङ स्थापना गर्ने गरेका छन् भने अन्यले कोठाभित्र राख्ने गरेको पाइन्छ। कसैले भने गैर किरातीको पहुँचबाट टाढा राख्नका लागि तलामाथि राखेको देखिन्छ। कसैले सुप्तुलुङमा बालिएको आगोबाट निस्कने धुँवा सजिलै बाहिरियोस् भनेर चिम्नी राख्ने गरेको पनि पाइन्छ । यसरी अब माटोको घरबाट सिमेन्ट घर, जमिनबाट तलामा र चिम्निको थप प्रयोग पनि सुप्तुलुङको वास्तु संरचनाको परिवर्तित पक्ष हुन्।

घर हुनेले मात्र होइन भाडामा बस्नेले पनि कोठामा सुप्तुलुङ राखेर पितृ पुज्न समर्थ होस् भनेर यामकाप्मा (छरितो वा पोर्टेबल) सुप्तुलुङको प्रयोग आउन थालेको हो। यो सुप्तुलुङ तगारी वा यस्तै कुनै अनुकूल वस्तुमाथि सानासाना चिटिक्क परेका ढुङ्गाहरूलाई राखेर सुप्तुलुङ बनाइएको हुन्छ। यो सुप्तुलुङ व्यक्तिगत सुप्तुलुङको रूप हो। यसरी आवश्यकताका आधारमा सुप्तुलुङको निर्माण, स्थान निर्धारण भएको देखिन्छ। यो रूप पनि सुप्तुलुङको मूर्तगत परिवर्तित स्वरूप हो । यसलाई औद्योगिकरणको प्रभाव हो भन्न सकिन्छ। औद्योगिकणले राईहरूको बसोबास सहरमा वृद्धि भएको र यससँगै पितृलाई पुज्न अनुकूल हुने गरी यो सुप्तुलुङको निर्माण गरी पूजाअनुष्ठान गर्न थालिएको हो। यसले स्थान र परिवेश विशेषले सुप्तुलुङ संरचनामा पनि परिवर्तन आएको देखिन्छ।

## *सुप्तुलुङको मूल्यमान्यतागत आयमिक परिवर्तन*

मुन्दुमतः सुप्तुलुङ पारिवारिक र व्यक्तिगत हुन्छ, सामूहिक सुप्तुलुङको व्यवस्था छैन। एक परिवार, एक सुप्तुलुङ हुनु यसको विशेषता हो। यहाँ पितृहरू निवास गर्ने र पितृहरूले परिवारका माङ्गलिक कार्यहरूमा भूमिका निर्वाह गर्ने विश्वासले हरेक संस्कार र संस्कृति सुप्तुलुङमा नै सम्पन्न गरिन्छ। त्यसैले पुर्ख्यौली थलोमा एउटा घरको सुप्तुलुङमा अर्को घरको मान्छे आएर र शुभशक्ति माग्न सक्तैन। पितृहरूले आफ्नै सन्तानको मात्र रक्षा गर्छन् भन्ने मान्यता हो । त्यसैले पुर्ख्यौली थलोहरूमा व्यक्तिगत सुप्तुलुङ मात्र हुन्छ।

काठमाडौँ उपत्यकामा भने परम्परागत व्यक्तिगत सुप्तुलुङभन्दा भिन्न सामूहिक सुप्तुलुङ, थरगत सुप्तुलुङ, पाछागत सुप्तुलुङ र यामकाप्मा (छरिटो अथवा पोर्टेबल) जस्ता विविध सुप्तुलुङका स्वरूपहरू प्रचलनमा छन् । सामूहिक सुप्तुलुङको प्रयोगसँगै सामूहिक सुप्तुलुङसँग सम्बन्धित मुन्दुमको सृजना पनि हुन पुगेको छ। यही नयाँ मुन्दुमकै आधारमा सामूहिक सुप्तुलुङमा संस्कारगत तथा संस्कृति सम्पन्न गर्ने गरिएको पाइन्छ। विवाहको समयमा केटी पक्षको व्यक्तिगत सुप्तुलुङबाट छोरीलाई निकालेर केटा पक्षको व्यक्तिगत सुप्तुलुङमा प्रवेश गराइन्छ। तर सामूहिक सुप्तुलुङमा भने त्यही सुप्तुलुङमा दुलहीलाई निकाल्ने विधि गरेर पुनः त्यही सुप्तुलुङमा दुलहाको सुप्तुलुङ मानेर दुलही प्रवेश गराउने विधि गरिन्छ । अर्थात् विवाहको समयमा दुलाहा र दुलहीको घरमा गरिने सुप्तुलुङसम्बन्धी छुट्टाछुट्टै मुन्दुमी विधिविधान एउटै सामूहिक सुप्तुलुङमा गरिन्छ।

नयाँ सहर बजारमा बसोबास गर्ने राईहरूमा बढी मात्रामा सामूहिक सुप्तुलङ प्रचलनमा आएको छ। यस्तो सुप्तुलुङ रहने ठाउँलाई माङखिम नामले चिनिन्छ। यो माङखिमको अवधारणा नै सम्पूर्ण पितृहरूलाई सामूहिक

सुप्तुलुङमा बोलाउन सकियोस् भन्ने हो । यस नयाँ प्रचलनले व्यक्तिगत सुप्तुलुङ मात्र रहनुपर्ने शास्त्रीय मान्यता भङ्ग गरेर सामूहिक सुप्तुलुङ राख्न सकिने नूतन मान्यता स्थापित गरेको छ। वास्तवमा यी सुप्तुलुङहरूको स्थापना र प्रयोग स्थान विशेष साथै परिस्थिति अनुकूल सुप्तुलुङमा आएका परिवर्तनहरू हुन्।

यसैगरी सम्पूर्ण राईहरूको लागि स्थापना गरिएको होस् अथवा थरगत साथै पाछागत रूपमा स्थापना गरिएका सुप्तुलुङ सामूहिक सुप्तुलुङकै स्वरूप हुन्। यी सामूहिक सुप्तुलुङहरू समूह मिलेर स्थापना गरिएकाले यसको व्यवस्थापन पनि निश्चित विधिविधानअनुसार गरिन्छ । कार्य विभाजनका लागि होस् अथवा पूजाअनुष्ठान गर्ने विषयमा होस् सामूहिक रूपमा निर्णय आवश्यक हुन्छ। त्यसैले सामूहिक सुप्तुलुङ सञ्चालनार्थ संस्था ऐनअनुसार संस्था दर्ता भएका छन्। संस्था ऐनअनुसार समय विशेष अधिवेशन हुने, पदाधिकारी छनोट हुने, नवीकरण गर्ने, लेखापरिक्षण गर्नेजस्ता कार्यहरू गरिन्छ। यसरी प्राचीनतः व्यक्तिगत सुप्तुलुङ सामूहिक सुप्तुलुङमा प्रवेश गर्दा आधुनिक कानुनी संरचनाभित्र पनि प्रवेश हुन पुगेको छ। यो पनि सुप्तुलुङमा आएको नयाँ परिवर्तन हो।

सुप्तुलुङ स्थापना गर्दा जमिन छोएको हुनुपर्छ भन्ने शास्त्रीय मुन्दुमी मान्यता रहे तापनि परिस्थितिमा निर्भर हुने देखिन्छ। पुर्ख्यौली थातथलोमा माटोको घर हुने हुँदा सुप्तुलुङ स्थापनागर्दा माटोको घर र जमिनलाई आधार मानिन्छ (मुकारूङ, वि.सं. २०५९, पृ.२०)। प्रायः घरको भुइँतलामै सुप्तुलुङ राख्ने परम्परा छ। तर सहरमा गाउँको जस्तै माटोको घर बनाउने र जमिनलाई छुवाएर सुप्तुलुङ स्थापना गर्ने सम्भावना न्यून छ । सहरमा मानिसहरूले बजेटअनुसारको जग्गा किनेर प्रचलित वास्तुविधिका आधारमा घर बनाउनु पर्ने साथै बजेटअनुसार घर बनाउनु पर्ने भएकोले माटोको घर निर्माण गरेर भुँइ छुने गरी सुप्तुलुङ स्थापना गर्न सम्भव छैन। त्यति मात्र होइन यहाँ बन्ने घरहरू व्यवसायिक प्रयोजनका लागि बन्ने हुँदा भुइँमा सुप्तुलुङ राख्न ठाउँ हुँदैन।

राईहरूको पुर्ख्यौली थलोकिलोतिर सुप्तुलुङमा पितृहरूलाई भोग दिने परम्परा भए तापनि ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. २४, धापाखेलको बाँसघारीमा रहेको एवाइछा पाछाहरूको सामूहिक सुप्तुलुङमा भने पितृपूजामा भोग नदिइ फलफूल मात्र चढाएर पूजा गरिन्छ । इलामतिरका एवाइछा राईहरूले पितृमा भोग नचढाउने र फलफूल मात्र चढाउने भएकाले सबैलाई समेट्नको लागि यो सामूहिक सुप्तुलुङमा भोग दिन छाडिएको हो । पुर्ख्यौली थलोहरूमा अवसर विशेष मात्र फलफूल चढाउने गरिन्छ । त्यसरी नै व्यक्तिगत सुप्तुलुङमा राई, लिम्बू, सुनुवार र याक्खाबाहेकका गैरकिराती बुहारीलाई सुप्तुलुङमा देखाउने चलन छैन। तर यो एवाइछा पाछाहरूको सामूहिक सुप्तुलुङमा भने अन्य जातका बुहारीलाई पनि देखाउने गरिन्छ (डिक बान्तावा राईसँगको अन्तर्वार्तामा आधारित) । यो पनि सुप्तुलुङको मान्यतामा आएको परिवर्तन हो।

छोरीले बिहे नगरेसम्म बुवाआमाको घरको सुप्तुलुङ रहने मूल्यमान्यता रहेको छ। त्यसैले छोरीलाई सुप्तुलुङ दिन निषेध छ। छोरी/महिलाले सुप्तुलुङ स्थापना गर्न पाउने स्थिति भनेको विवाहपछि विवाहित घरबाट बुहारीको नामबाट सन्तान भइसकेपछि मात्र हो। मुन्दुमी परम्पराको मुख्य उद्देश्य हरेक छोरीको व्यावहारिक वा सांस्कृतिक दायित्वहरू विवाहपछि सुरू हुने र सन्तान भएपछि मात्र स्थायित्व प्राप्त गर्दछ भन्ने हो। तर काठमाडौँ उपत्यकामा भने सम्बन्धविच्छेदपछि माइतीघरबाट मुन्दुमी विधिविधान गरेर सुप्तुलुङ ल्याई स्थापना गरेर पूजाअनुष्ठान गर्ने गरेको पाइन्छ। अवसर विशेष पितृहरूलाई भाग दिने काम पनि आफैँले गर्ने र मुख्य पूजामा भने माङपा बोलाएर पितृ पुज्ने गरिएको छ ( दुर्गा राईसँगको अन्तर्वार्तामा आधारित) । यो पनि सुप्तुलुङको परम्परागत मान्यतामा आएको परिवर्तन हो।

पुर्ख्यौली थलोमा व्यक्तिगत सुप्तुलुङमा पूजा–अनुष्ठान सकिएपछि घरको पूजा अनुष्ठान नै सकिन्छ। तर उपत्यकामा भने व्यक्तिगत सुप्तुलुङसँगै थरगत सुप्तुलुङ, पाछागत सामूहिक सुप्तुलुङसमेत स्थापना गरिएकाले सामूहिक सुप्तुलुङमा समेत सहभागी हुन जानुपर्दछ । त्यहाँ गएर पुनः पितृहरूलाई बोलाएर भाग दिने गरिन्छ। यो परिवर्तनको नयाँ आयाम हो। यस कार्यले पितृ पूजासँगै वंश मिलनको भूमिका सामूहिक सुप्तुलुङले खेल्ने प्रष्ट देखिन्छ। यो पूजाअनुष्ठानको समयमा थरगत सामूहिक

सुप्तुलुङको पूजा भएमा थरभित्र रहेका सम्पूर्ण राईहरू भेला हुने भएकाले सबैसँग चिनजान हुन्छ। यो कार्य नयाँ पुस्ताका लागि अवसरको रूपमा रहेको देखिन्छ। यसरी काठमाडौँ उपत्यकामा आइपुग्दा सुप्तुलुङका विभिन्न आयाममा परिवर्तन आएको देखिन्छ।

## *निष्कर्ष*

निष्कर्षतः संस्कृति मानव जीवनको अभिन्न पक्ष हो। सबै संस्कृतिहरूका दुई पक्ष रहेका हुन्छन्, निरन्तरता र परिवर्तन। यी पक्षहरू विशेषतः समय, परिस्थिति, परिवेश, वातावरण, समाज, औपनिवेशीकरण, पहिचानको स्थापना आदिमा निर्भर रहेका हुन्छन् । संस्कृतिको निरन्तरताले विगतबाट वर्तमान हुँदै भविष्यको अवस्थाका बारेमा पनि सङ्केत गर्छ। त्यसरी नै संस्कृतिको परिवर्तन पक्षले समय, परिवेश, परिस्थिति, वातावरण, समाज साथै राज्यशक्ति अवस्था अनुकूल नहुँदा आंशिक र पूर्ण परिवर्तन पक्षलाई सङ्केत गर्दछ।

वर्तमान समयमा विश्वमा प्रचलित औद्योगीकरण, विश्वव्यापीकरण, बाह्य र आन्तरिक औपनिवेशीकरण साथै राज्यको नीतिगत कार्य आदिको प्रभाव प्रत्येक संस्कृति पर्नु स्वभाविक हो। यो सन्दर्भमा काठमाडौँ उपत्यकाभित्र बसोबास गर्ने किरात राईहरूको सुप्तुलुङ संस्कृतिको आस्था, विश्वास, मूल्यमान्यता तथा संरचनागत स्वरूपमा बृहत् परिवर्तनसहित निरन्तरता पाएको प्रष्ट देखिन्छ । यससँगै शास्त्रीय मुन्दुमी मान्यतामा समेत परिवर्तन आएको देखिन्छ। मुन्दुम किरात राईहरूको जीवन दर्शन अथवा मार्गदर्शन हो। यसले परिस्थितिअनुसार मुन्दुम पनि लचिलो हुन्छ भन्ने प्रष्ट देखिन्छ। Malinowsky को आवश्यकताको सिद्धान्तले भनेजस्तै मानिसको आवश्यकता परिपूर्तिका लागि मुन्दुमले सहज वातावरण तयार गर्छ वा आवश्यकता–अनुसार मुन्दुमको सृजना हुने र सामाजिक जीवनलाई डोऱ्याउने देखिन्छ। मुन्दुमले सुप्तुलुङ परिवर्तनको सन्दर्भमा लचिलो मार्ग प्रशस्त गरेकोले सुप्तुलुङलाई स्थायित्व र निरन्तरता दिन मद्दत पुगेको छ।

## *सन्दर्भ सामाग्रीहरू*


आफानास्येभ, भिक्टर (२०५४). *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान.* (अनुः राजेन्द्र मास्के). काठमाडौँ : सहभागी प्रकाशन।

उप्रेती, भरतराज, श्रेष्ठ, कल्याण र थापा, कणकविक्रम (वि.सं.२०५४). *नेपालको संवैधानिक कानुन.* काठमाडौँ : कानुन अनुसन्धान तथा विकास फोरम (फ्रिडिल)।

गुप्ता, एम.एल. शर्मा, डी.डी. (१९९७).*समाजशास्त्र.* आगरा : साहित्य भवन पब्लिकेसन्स।

ग्याँन्सले, मार्टिन (२०७६). *उत्पत्ति र आदिम बसाइँसराइ.* (अनुः तारामणि राई). काठमाडौँ : मेवाहाङ राई या–खोम्मा।

चाम्लिङ, भोगीराज (२०७८). *मुन्दुम : रिलुङ.* काठमाडौँ : किरात राई चाम्लिङ खाम्बातिम।

नेपाल, ज्ञानमणि (२०५५). *नेपाल निरूपण.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

मुकारूङ, तीर्थराज (२०५९, चैत्र). 'किरात साझा संस्कृति र सामूहिक चुलोको अवधारणा'. *निप्सुङ.* ९(१७). पृ.१८।

याक्थुम्बा, मञ्जुल (२०६६). *किरात तीर्थस्थल सानो हात्तीवन.* काठमाडौँ : श्रीमती विमला निङलेखु।

राई, चतुरभक्त (२०७८). 'किरात राईहरूको साझा चुल्हा : अवधारणा, आवश्यकता र अभ्यास'. *किरात राई तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन दस्तावेज संग्रह.* काठमाडौँ : किरात राई अन्तर्राष्ट्रिय समन्वय समिति।

रेग्मी, जगदीश चन्द्र (२०३४). *नेपालयन.* भाग १. नक्साल : अफिस अफ नेपाल एन्टीक्वेरी।

हतुवाली, चन्द्रकुमार (२०६४). 'किरात राई जातिको हुत्लुङ (चुलो)'. *निप्सुङ.* २७. पृ.३६–३८, चैत्र।

Bohannan, P. & Glazer, M. (1988). *High Point in Anthropology.* New York : Alfred A. Knoof.

Morgan, L.H. (1877). *Ancient Society.* Chicago : Sharles H. Kerr & Company.

Tylor, E.B. (1920).*Primitive Culture.* (vol.I). London : John Murray.

Vurnum, M.E.W. & Grossman, I. (2017). Cultural Change: How and Why. PSYCHOLOGICAL SCIENCE. p.1-17. DOI:10.1177/1745691617699971.

http://www.multiworld.org/m_versity/article/poka.htm


## *अन्तर्वार्ता*

काठमाडौँ जिल्ला, टोखा नगरपालिका, वडा नं.८, गोङगुबु बस्ने दुर्गा राई।

भक्तपुर जिल्ला, मध्यपुर ठिमि नगरपालिका, वडा नं.१२, राईडाँडा बस्ने डिक बान्तावा राई।